पाँचखपन नगरपालिका, संखुवासभा

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७८/१०/२८

## भाग-१
## पाँचखपन नगरपालिका

# पाँचखपन नगरपालिकाको संस्था दर्ता ऐन, २०७८

नगर सभाबाट स्वीकृत मितिः २०७८/१०/२१
प्रमाणिकरण मितिः२०७८/१०/२३
प्रकाशन मितिः२०७८/१०/२८

**<u>प्रस्तावनाः</u>** पाँचखपन नगरपालिका स्तरमा सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, शारीरिक, आर्थिक, वौद्धिक, परोपकारी, वन वातावरण, खानेपानी तथा सरसफाई, क्लब, खेलकुद विकास समिति, मठ मन्दिर, गुम्बा संरक्षण समिति, फर्म, पानीका मूल दर्ता, उपभोक्ता समिति, प्रतिष्ठान, पुस्तकालय, अध्ययन केन्द्र, कला साहित्य, शैक्षिक संस्था, अक्षयकोष, सामूदायिक विकास कोष, समूह, आवसिय विद्यालय वा उल्लेखित प्रकृतिका संगठित संस्था दर्ता गरी त्यस्ता संस्थाको काम कारबाहीमा प्रभावकारिता ल्याउन अनुगमन तथा नियमन गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६, अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम पाँचखपन नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "पाँचखपन नगरपालिकाको संस्था दर्ता ऐन, २०७८" रहेको छ।

(२) यो ऐन पाँचखपन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

(३) यो ऐन पाँचखपन नगरपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले पाँचखपन नगरपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यसमिति/समिति" भन्नाले संस्थाका पदाधिकारी तथा सदस्य समेतलाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले पाँचखपन नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "प्रमुख" भन्नाले पाँचखपन नगरकार्यपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पाँचखपन नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम/कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(छ) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) "नियम" भन्नाले यस ऐन बमोजिम बनाइने नियमहरुलाई सम्झनुपर्छ।

३. **संस्था दर्ताः** (१) कुनै पनि संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायको आधारमा हुनुपर्नेछ,-

(क) कम्तिमा तेत्तीस प्रतिशत महिला हुनुपर्ने।

(ख) अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला अनिवार्य हुनुपर्ने।

(ग) समावेशी सिद्धान्त अवलम्बन हुनुपर्ने।

(घ) कार्य समितिको पदावधी तीन वर्षसम्म हुनुपर्ने।

(२) कार्य समितिमा सात देखि एघार जना सम्म भएका व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधान दुई प्रति र तोकिएको दस्तुर सहित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची - १ को ढाँचामा निवेदन दिनुपर्नेछ,-

(क) संस्थाको नाम, ठेगाना

(ख) उद्देश्यहरु

(ग) कार्यक्षेत्र

(घ) समितिका सदस्यको नाम, ठेगाना, सम्पर्क नम्बर, पेशा नागरिकताको प्रतिलिपी,

(ङ) आर्थिक स्रोत

(च) संस्थाको कार्यालय रहने ठेगाना

(झ) अन्य आवश्यक विवरण

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता गर्ने अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी स्वीकृत विधान सहित दर्ताको प्रमाणपत्र अनुसूची-२ बमोजिमको ढाँचामा दिइनेछ।

(४) दर्ता अधिकारीले कुनै संस्था दर्ता गर्न नमिल्ने देखेमा सो को कारण सहित आवश्यक कागजात पुनः पेश गर्ने आदेश दिन सक्नेछ।

४. **नवीकरण गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र रु. ५००।- दस्तुर बुझाई नवीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद समाप्त भई नवीकरण हुन नसकेको मनासिव कारण देखाइ नवीकरणको लागि निवेदन दिन आएमा प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम लाग्ने दस्तुरमा रु ५००।- थप दस्तुर लिई सोही आ.व.को असार मसान्त सम्मका लागि नवीकरण गरी दिन सक्नेछ ।

(३) संस्था दर्ताको प्रमाणपत्र एक आर्थिक वर्ष सम्म बहाल रहनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आ.व.को लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आ.व.को लागि एक हजार रुपैयाँका दरले थप जरिवाना समेत लिई तीन आ.व. सम्मको प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ।

५. **संस्था दर्ता गर्नुपर्नेः** (१) कसैले यस ऐन बमोजिम संस्था दर्ता नगरी संस्था सञ्चालन गर्न गराउन हुँदैन।

(२) यो ऐन लागू हुनु भन्दा पहिले सञ्चालनमा रहेको संस्थाले यस ऐन बमोजिमको प्रक्रिया पुरा गरी संस्था दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्नेछ।

(३) संस्था दर्ता अभिलेख पुस्तिकाको नमूना अनुसूची-३ बमोजिम हुनेछ।

६. **संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

७. **संस्थाको उद्देश्यमा हेरफेर गर्नेः** (१) कुनै संस्थाले आफ्नो संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा त्यस्तो संस्थाको कार्य उपर समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउन सक्नेछ।

(२) एउटै उद्देश्य भएका संस्था एक आपसमा गाभिन चाहेमा संस्थाको कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न दुवै संस्थाले साधारण सभा छुट्टा छुट्टै बसि दुई तिहाईको छलफलबाट संस्था एक आपसमा गाभिने निर्णय गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम भएको निर्णय दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ।

८. **संस्थाको सम्पत्तिः** (१) कुनैपनि संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरुस्त रुपमा राख्नुपर्नेछ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता गर्ने अधिकारीले प्रहरी प्रशासनको सहयोग लिई त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, रोक्का राख्ने र कब्जा गर्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(३) संस्थाको सम्पत्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **विवरण पठाउनुपर्नेः** कुनैपनि संस्थाको कार्य समितिले आफ्नो संस्थाको आर्थिक कारोबारको लेखापरीक्षण गराई उक्त लेखापरीक्षणको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र पाँचखपन नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ।

१०. **संस्थाको हिसाब जाँच गर्नेः** (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफु मातहतका कर्मचारी पठाई जाँच गर्न सक्नेछ।

(२) हिसाब जाँच गर्ने कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले मागेको जानकारी दिनु संस्थाको पदाधिकारी, सदस्य तथा कर्मचारीको कर्तव्य हुनेछ।

(३) जाँच गर्ने कर्मचारीले दिएको प्रतिवेदनमा संस्थाका सदस्यहरुले कुनै पनि आर्थिक हिनामिना गरेको भन्ने संस्था दर्ता गर्ने अधिकारीलाई लागेमा हिनामिना गर्ने सदस्य, पदाधिकारी तथा कर्मचारीबाट असूल उपर गर्न दर्ता अधिकारीले कानुन बमोजिम कारबाही चलाउन सक्नेछ।

११. **दण्ड सजायः** (१) दफा (५) बमोजिम संस्था दर्ता नगरी संचालन गरेमा कार्य समितिका सदस्यलाई दर्ता अधिकारीले जनही दुईहजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।
(२) दफा (१०) बमोजिम हिसाब जाँच गर्ने कर्मचारीले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई दर्ता अधिकारीले पाँचसय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

१२. **निलम्बन र खारेजीः** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहाएका कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछ,-

(क) संस्था दर्ता अधिकारीले मागेको विवरण उपलब्ध नगराएमा,

(ख) तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गरे गराएमा,

(ग) स्वीकृत नलिई संस्थाका उद्देश्य हेरफेर गरी लागू गरेमा।

(२) देहाएका कुनै कार्य गरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थालाई खारेज/विघटन गर्न सक्नेछ,-

(क) अनुमति नलिई अर्को संस्थामा गाभेमा,

(ख) पाँचखपन नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशन बारम्बार उल्लङ्घन गरेमा,

(ग) संस्थाको सम्पत्ति हिनामिना गरेमा,

(घ) लगातार तीन वर्षसम्म संस्था नवीकरण नगराएमा,

(ङ) तोकिए बमोजिम कार्य नगरेमा।

(३) उपदफा (१) बमोजिम निलम्बन गर्दा वा उपदफा (२) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ।

१३. **अनुगमन तथा मुल्याङ्कनः** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले तोकिएका कार्य गरे नगरेको सम्बन्धमा अनुगमन तथा मुल्याङ्कन गरी आवश्यक काम कारबाही गर्न देहाय बमोजिमको समिति रहनेछः

(क) नगरपालिकाको उपाध्यक्ष- संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(ग) सामाजिक विकास शाखा प्रमुख-सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

(ङ) सम्बन्धित विषयको एकजना विशेषज्ञ-सदस्य

(च) संघ संस्था दर्ता तथा कानून शाखाको कर्मचारी-सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम संस्था दर्ता गर्ने अधिकारीले आफू वा आफू मातहतका कर्मचारी खटाई जुनसुकै बेला पनि नियमित निरीक्षण, अनुगमन तथा मुल्याङ्कन गर्न बाधा पर्नेछैन।

(३) उपदफा (१) बमोजिमको समितिले संस्थाले यस ऐनमा तोकिए बमोजिमका कार्य नगरेको पाइएमा दर्ता खारेज गर्न सम्बन्धित संस्था दर्ता अधिकारीलाई लेखी पठाउनेछ।

(४) उपदफा (३) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइ पेश गर्ने उचित मौका दिनुपर्नेछ।

१४. **निर्देशन दिनेः** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थालाई पाँचखपन नगर कार्यपालिकाको कार्यालयले समय समयमा आवश्यक निर्देशन दिनसक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु संस्थाको कर्तव्य/दायित्व हुनेछ।

१५. **संस्थाको विधान सम्बन्धी व्यवस्थाः** (१) संस्था संचालन गर्न संस्थाको एक विधान हुनेछ।

(२) विधानमा देहाय बमोजिमका विषयहरु उल्लेख गर्नुपर्नेछः

(क) संस्थाको कार्यक्षेत्र,

(ख) उद्देश्यहरु,

(ग) सदस्यता शुल्क,

(घ) लेखापरीक्षण सम्बन्धि व्यवस्था,

(ङ) साधारण सदस्यता सम्बन्धि व्यवस्था,

(च) कार्य समितिका सदस्यताको योग्यता,

(छ) विधान संशोधन सम्बन्धि व्यवस्था,

(ज) वैठक सम्बन्धि व्यवस्था,

(झ) निर्वाचन सम्बन्धि व्यवस्था,

(ञ) आर्थिक स्रोत सम्बन्धि व्यवस्था,

(ट) तोकिए बमोजिमको अन्य व्यवस्था।

१६. **विघटनको परिणामः** यो ऐन बमोजिम संस्था विघटन भएमा त्यस्तो संस्थाको चल अचल सम्पत्ति र कार्यरत कर्मचारी माथिको दायित्व र अधिकार नगरपालिकामा स्वतः सर्नेछ।

१७. **नियम बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियम बमोजिम आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

**१८. <u>स्व-घोषणा र अधिकार प्रत्यायोजनः</u>** (१) संस्थाका कार्य समितिका सबै सदस्यहरुले अनुसूची-४ बमोजिमको स्व-घोषणा पत्र तयार गरी दर्ता अधिकारीलाई समक्ष पेश गर्नुपर्नेछ। (२) कार्य समितिका सबै पदाधिकारी संस्था दर्ता गर्न उपस्थित हुन नसक्ने अवस्था आएमा अनुसूची-५ बमोजिमको अधिकार प्रत्यायोजन तयार गरी दर्ता अधिकारी समक्ष पेश गर्नुपर्नेछ।

**१९. <u>खारेजी र बचाउः</u>** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगाबै नगर कार्यपालिकाको कार्यालयद्वारा भए गरेका सबै काम कारबाही यसै बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## निवेदन पत्रको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पाँचखपन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
वाना, संखुवासभा।

विषयः संस्था दर्ता सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा यस पाँचखपन नगरपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन तथा प्रस्तावित संस्थाको विधान दुई प्रति यसै साथ संलग्न राखी पेश गरिएको बेहोरा अनुरोध छ।

विवरण

१. संस्थाको नामः-

२. संस्थाको ठेगानाः

३. संस्थाको कार्यक्षेत्रः

४. कार्य समितिका सदस्यहरुको विवरणः

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| क. .... | | |
| ख. ...... | | |
| ग. ......... | | |
| घ. .......... | | |

...................
(.........................)
अध्यक्ष

## अनुसूची-२

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

### प्रमाण-पत्रको ढाँचा

**पाँचखपन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वाना, संखुवासभा**

प्रदेश नं. १, नेपाल

**संस्था दर्ता प्रमाण पत्र**

**दर्ता नं–..................**
**दर्ता मितिः ............................**

पाँचखपन नगरपालिकाको संस्था दर्ता ऐन, २०७८ को दफा ३ को उपदफा (३) बमोजिम जिल्ला संखुवासभा पाँचखपन नगरपालिका वडा नं.-...., मा रहेको ............................लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी स्वीकृत विधान सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-३

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

## संस्था दर्ता अभिलेख पुस्तिकाको ढाँचा

| क्र.स. | दर्ता नं. | दर्ता मिति | संस्थाको नाम ठेगाना | सम्पर्क व्यक्ति र सम्पर्क नंम्बर | प्रमाणित गर्नेको दस्तखत | प्रमाणपत्र बुझिलिनेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-४

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

### स्व-घोषणा पत्रको ढाँचा

# स्व-घोषणा पत्र

प्रस्तवित श्री.................संस्था दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका कार्य समितका सदस्यहरुले प्रचलित कानूनसम्मत संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लेखित कुराका साथै अन्य कुनै कुराले संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौः

हामी आदेदकहरु कोही पनि-

- यही प्रकृतिको अन्य संस्थाको सदस्य छौनौं,
- बैङ्क वित्तीय संस्था, अदालत वा अन्य कुनै संस्था/संघ/राष्ट्रिय कानूनबमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौं,
- यस अघि संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं,
- सम्पत्ती शुद्धिकरणसम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं र संस्था दर्ता ऐन तथा कानूनबमोजिम स्वावलम्बन र पारस्पारिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको संचालन गर्न मञ्जुर छौं,
- कानून बमोजिम हाम्रो नाउँमा कुनैपनि प्रकारको बेरुजु तिर्न बाँकी रहेको छैन।

उपर्युक्त बेहोरा ठीक साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाँउला भनी सहीछाप गर्ने-

| सि.नं. | सदस्यको नाम, थर | ठेगाना | नागरिकता नं. र लिएको जिल्ला | सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |

# अनुसूची-५

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

**अधिकार प्रत्यायोजनको ढाँचा**

मितिः.....................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
पाँचखपन नगर कार्यपालिकाको कार्यालय
वाना, संखुवासभा।

**विषयः अधिकार प्रत्यायोजन सम्बन्धमा।**

महोदय,

यस प्रस्तावित श्री...........................संस्थाको मिति...................मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानूनबमोजिम प्रकिया पूरा गर्ने सिलसिलामा हाम्रोतर्फबाट विधानमा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम-कारबाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ संचालक समितिका अध्यक्ष श्री............सचिव श्री......................र कोषाध्यक्ष श्री ..................समेतलाई अधिकार प्रत्यायोजन गरिएको बेहोरा अनुरोध गर्दछौं। निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं।

अधिकार प्रत्यायोजन गरिएका व्यक्तिको

| सि.नं. | नाम, थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

| सि.नं. | सदस्यहरुको नाम, थर | ठेगाना | सहीछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

आज्ञाले,
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत